संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - १७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल चैत १५ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै निम्नलिखित मा० सदस्यहरुले सभाको कार्यसूचीमा समावेश भैसकेको कार्यसूची बैठक बस्ने समयमा हटाइनु भनेको सरकारले सदनलाई महत्व नदिएको विषय झल्काएको, मिटरब्याज पिडितहरुको विषयमा सरकारले समयमा ध्यान दिंदै यस सम्बन्धमा जनतालाई सुसुचित समेत गराउनु पर्ने, मिटरब्याज पिडितको समस्या बुझ्न जाँदा राजावादी भन्दै लखेट्ने काम गर्नु ठीक नभएको, प्रदेश नं. १ को नामाकरणको विषयमा लिएर भैरहेको आन्दोलनको विषयमा सरकारको धारणा आउनुपर्ने, मिटरब्याज पिडित जनताहरुको विषयमा छानविन गर्न संसदीय छानविन समिति गठन हुनुपर्ने, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धी कानून भएपनि महिलाहरुमाथि कार्यस्थलमा त्यस्ता दुर्व्यवहार नरोकिएको, बर्दिया जिल्लामा हात्ती, गैंडा र बाघको आक्रमणले खेतीपाती तथा जनताको जिउधन समेत असुरक्षित हुँदै गएकोले सरकारले तत्काल त्यसतर्फ ध्यान दिई उचित कदम चाल्नुपर्ने, मिटरब्याजी पिडितको समस्या समाधानका सम्बन्धमा सदनबाट रुलिङ्ग हुनुपर्ने, देशको अर्थतन्त्र कमजोर बनाउने हालसम्मका मन्त्रीहरुलाई स्पष्टीकरण लिन संसदीय छानविन समिति गठन हुनुपर्ने, राज्यले उपत्यकाको जात्रा तथा सँस्कृतिलाई देखाएर विदेशी आकर्षण गर्ने गरेको तर सोही जात्राहरुलाई असर पर्ने काम गरीरहेको, मिटरब्याजलाई गम्भिर आर्थिक अपराधका रुपमा सरकारले स्वीकारेर त्यसलाई रोक्न कानूनको मस्यौदा तयार गरेपनि हालसम्म सदनमा नल्याएको लगायतका विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो ।

१. मा० श्री रघुजी पन्त
२. मा० श्री मनिष झा
३. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
४. मा० श्री रञ्जु कुमारी झा
५. मा० श्री शोभा ज्ञवाली
६. मा० श्री प्रभु साह
७. मा० श्री प्रेम सुवाल
८. मा० श्री विराज भक्त श्रेष्ठ
९. मा० श्री प्रदीप पौडेल

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अम्मर बहादुर रायमाझी
२. मा० श्री अम्मर बहादुर थापा
३. मा० डा० अमरेश कुमार सिंह
४. मा० श्री अमृत लाल राजवंशी
५. मा० श्री अमृता देवी अग्रहरी
६. मा० श्री अर्जुन नरसिंह के.सी.
७. मा० श्री अरुण कुमार चौधरी
८. मा० श्री अशोक कुमार चौधरी
९. मा० श्री अस्मा कुमारी चौधरी
१०. मा० श्री असिम शाह
११. मा० श्री ईश्वर बहादुर रिजाल
१२. मा० श्री ईश्वरी घर्ती
१३. मा० श्री एकनाथ ढकाल
१४. मा० श्री कल्पना चौधरी
१५. मा० श्री कान्तिका सेजुवाल
१६. मा० श्री किरण कुमार शाह
१७. मा० श्री कुसुमदेवी थापा
१८. मा० श्री कृष्ण गोपाल श्रेष्ठ
१९. मा० श्री गगन कुमार थापा
२०. मा० श्री गणेश पराजुली
२१. मा० श्री गंगा कार्की
२२. मा० श्री गंगा राम चौधरी
२३. मा० श्री चित्र बहादुर के.सी.
२४. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
२५. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
२६. मा० श्री जीवन परियार

यसैबीच मा० श्री ईश्वर बहादुर रिजालले बोलीसकेपछि मा० श्री महेश कुमार बर्तौलाले नियमापत्ति गर्नुहुँदै वक्ता मा० सदस्य र सम्माननीय सभामुखको बीचबाट हिंड्न नहुने भन्ने प्रतिनिधि सभा नियमावलीको व्यवस्था

मा० सदस्यहरुबाट पटक पटक उल्लघंन भएको भनी विषय उठाउनु भएपछि सम्माननीय सभामुखले मा० सदस्यले उठाउनु भएको विषयतर्फ सम्पूर्ण मा० सदस्यहरुको ध्यानाकर्षण गराउनु हुँदै सचेत रहन आग्रह गर्नुभयो ।

तत्पश्चात प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री श्याम कुमार घिमिरे
२. मा० श्री भगवती चौधरी
३. मा० श्री हित बहादुर तामाङ
४. मा० श्री सोबिता गौतम
५. मा० श्री बुद्धिमान तामाङ्ग
६. मा० श्री भानुभक्त जोशी
७. मा० श्री अनिता देवी
८. मा० श्री राम प्रकाश चौधरी
९. मा० श्री रञ्जिता श्रेष्ठ
१०. मा० श्री योगेन्द्र मण्डल
११. मा० श्री दिनेश कुमार यादव
१२. मा० श्री महेश कुमार बर्तौला
१३. मा० श्री राम कुमार राई
१४. मा० श्री गणेश पराजुली
१५. मा० श्री प्रदिप यादव
१६. मा० श्री लाल बहादुर साँवा लिम्बु
१७. मा० श्री राजेन्द्र कुमार के.सी.
१८. मा० श्री ऋषिकेश पोखरेल
१९. मा० श्री देव प्रसाद तिमलसेना
२०. मा० श्री सुनिता बराल
२१. मा० श्री ऐन बहादुर शाही
२२. मा० श्री प्रेम बहादुर महर्जन
२३. मा० श्री ईश्वरी देवी न्यौपाने
२४. मा० श्री नागिना यादव
२५. मा० श्री अजय कुमार चौरसिया

यसैबीच मा० श्री प्रदिप यादवले बोलिसकेपछि मा० श्री रामहरि खतिवडाले नियमापत्ति गर्नुहुँदै सदनमा मा० मन्त्री र मा० सदस्यहरुको उपस्थित न्यून रहेको तर्फ ध्यानाकर्षण गराउनु भयो । साथै मा० श्री राजेन्द्र कुमार के.सी.ले बोलीसकेपछि केही मा० सदस्यहरुले सरकार र मा० सदस्यहरुको उपस्थितिका विषयमा कुरा उठाउनु भएपछि सम्माननीय सभामुखले सदनमा सरकारको प्रतिनिधि उपस्थित रहनुभएको र मा० सदस्यहरु पनि सदनको हाताभित्रै हुनुहुन्छ र उहाँहरु सभाकक्षमा आउनुहुनेछ भन्ने विश्वास आफुले लिएको जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले “अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७८/०७९)” पेश गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७९ साल चैत १९ गते आइतबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४:५० बजे स्थगित भयो ।

गोपालनाथ योगी
प्रतिनिधि सभाको सचिव